म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१६ अङ्कः- १२० २०८१ चैत ८ गते शुक्रबार 21 March 2025, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

## खोलामा डुबेर किशोरीको मृत्यु

हेटौंडाः सिन्धुली जिल्लाको तीनपाटन गाउँपालिका-१, छरछरेमा खोलामा डुबेर एक किशोरीको मृत्यु भएको छ। मृत्यु हुनेमा १७ वर्षीया सोमकुमारी चौहान रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। बुधबार दिउँसो ४ बजेर २० मिनेटको समयमा चौहान झ्ुगा खोलामा नुहाउने क्रममा डुबेर घाइते भएकी थिइन्। घाइते चौहानको प्राथमिक स्वास्थ्य केन्द्र बेलघारीमा सामान्य उपचारपश्चात् थप उपचारका लागि जिल्ला अस्पताल सिन्धुली लगिएको थियो। उपचारको क्रममा चौहानको बुधबार साँझ ५ बजेर ३० मिनेटमा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ।

# एसईई सुरु, पहिलो दिन १५९ परीक्षार्थी अनुपस्थित



हेटौंडा-४ स्थित श्रमिक माविमा परीक्षा दिँदै विद्यार्थी ।

समाज संवाददाता

हेटौंडाः बिहीबारबाट देशभर माध्यमिक शिक्षा परीक्षा (एसईई) सुरु भएको छ। परीक्षाको पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षामा मकवानपुरका एक सय ५९ परीक्षार्थी अनुपस्थित भएका छन्।

६ हजार २ सय ४३ परीक्षार्थीले अनिवार्य अंग्रेजी विषयको परीक्षा दिएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख सुदिप गिरीले जानकारी दिनुभयो। साधारणतर्फ ३५ छात्र र २८ छात्रा गरी ६३ परीक्षार्थी अनुपस्थित.हुँदा २ हजार ६ सय ५९ छात्र र २ हजार ९ सय ८ गरी ५ हजार ५ सय ६७ परीक्षार्थी परीक्षामा सहभागी भएका छन्। प्राविधिक धारतर्फ ४ छात्र ३ छात्रा गरी ७ परीक्षार्थी अनुपस्थित हुँदा एक सय ८ छात्र र एक सय १२ छात्रा गरी २ सय २० परीक्षार्थीले परीक्षा दिएका छन्। ग्रेडवृद्धितर्फ ४४ छात्र र ४२ छात्रा गरी ८९ परीक्षार्थीले परीक्षामा नदिँदा एक सय ९३ छात्र र २ सय ६३ छात्रा गरी ४ सय ५६ परीक्षार्थीले परीक्षा दिएको प्रमुख गिरीले जानकारी दिनुभयो।

परीक्षा बिहान ८ बजेदेखि सुरु हुनेछ। मकवानपुरमा २८ वटा परीक्षा केन्द्र निर्धारण गरिएको छ। दोस्रो दिन शुक्रबार अनिवार्य नेपाली विषयको परीक्षा हुँदैछ। मकवानपुरका एक सय ३९ विद्यालयबाट ७ हजार ४ सय ८१ विद्यार्थीले एसईई परीक्षा आवेदन फारम भरेका थिए। पहिलो दिन प्रमुख जिल्ला अधिकारीसहित सुरक्षा निकाय प्रमुखले परीक्षा केन्द्रको अनुगमन गरेका छन्।

### राक्सिराङमा १३ परीक्षार्थी अनुपस्थित

एसईईमा राक्सिराङ गाउँपालिकाका १३ परीक्षार्थी अनुपस्थित भएका छन्। साधारणतर्फ एक छात्र र ५ छात्रा गरी ६ जना परीक्षामा अनुपस्थित भएका छन् भने ग्रेडवृद्धितर्फ ३ छात्र र ४ छात्रा गरी ७ परीक्षार्थी अनुपस्थित भएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख सुदिप गिरीले जानकारी दिनुभयो।

राक्सिराङस्थित प्रजा जागृति माध्यमिक विद्यालय केन्द्रबाट नियमिततर्फ ५० छात्र र ८३ छात्रा गरी एक सय ३३ जनाले परीक्षा दिएका छन्। यस्तै, ग्रेडवृद्धितर्फ ६ छात्र २२ छात्रा गरी २८ जनाले परीक्षा दिएको उहाँले बताउनुभयो। राक्सिराङ गाउँपालिकास्थित खैराङमा रहेको कालिका माध्यमिक विद्यालयदेखि राक्सिराङ गाउँपालिकाको सरिखेतस्थित सूर्योदय माध्यमिक विद्यालयसहित ५ वटा विद्यालयबाट परीक्षा दिन आएका विद्यार्थीलाई परीक्षा केन्द्रमा नै खाना र बासोबासको व्यवस्था रहेको छ।

### कैलाशमा पहिलो पटक एसईई परीक्षा

# पहिलो दिन ८ विद्यार्थी अनुपस्थित




कालिका मावि परीक्षा केन्द्रमा परीक्षाको अवलोकन गर्नुहुँदै गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तान ।

समाज संवाददाता

हेटौँडा : मकवानपुरको कैलाश गाउँपालिकामा पहिलो पटक एसईई परीक्षा सञ्चालन भएको छ। यो वर्ष कैलाश गाउँपालिका-९, नामटारस्थित कालिका माविमा परीक्षा केन्द्र कायम गरेसँगै एसईई परीक्षा भएको हो। पहिलो दिन बिहीबार अनिवार्य अंग्रेजी विषयको परीक्षामा ८ जना विद्यार्थी अनुपस्थित भएको केन्द्राध्यक्ष रामप्रसाद कालाखेतीले जानकारी दिनुभयो।

नियमिततर्फ १ सय ४९ र ग्रेडवृद्धितर्फ ८ गरी कुल १ सय ५७ जना परीक्षार्थी मध्ये नियमिततर्फ ७ जना र ग्रेडवृद्धितर्फ १ जना विद्यार्थी अनुपस्थित रहेको केन्द्राध्यक्ष कालाखेतीले जानकारी दिनुभयो। आफ्नै पालिकामा परीक्षा सञ्चालन हुँदा विद्यार्थीलाई सहज भएको उहाँको भनाइ छ। पालिकाले विद्यार्थीलाई खाने, बस्ने समेत व्यवस्था गरेको थियो। केन्द्राध्यक्ष कालाखेतीका अनुसार केन्द्र रहेका ५ मध्ये रत्नज्योति माविका विद्यार्थी परीक्षा केन्द्र नजिकै भएकाले बिहानको खाजा र खानाको सुविधा मात्रै लिएका छन्।

कैलाश गाउँपालिका-९, नामटार स्थित कालिका माविमा ५ वटा विद्यालयको केन्द्र कायम गरिएको छ। कैलाश-२ स्थित कमलादेवी मावि, कैलाश-३ स्थित भवानी मावि, कैलाश-६ स्थित व्यास मावि, कैलाश-८ स्थित धुवाङ मावि र कैलाश-१० स्थित रत्नज्योति माविबाट एसईईमा सहभागी हुने विद्यार्थीका लागि कैलाश-९ स्थित कालिका माविमा परीक्षा केन्द्र तय गरिएको हो।

५ वटा विद्यालयबाट नियमिततर्फ एसईईमा सहभागी हुन १४९ जना विद्यार्थीले फारम भरेका छन् भने ६७ जनाले ग्रेडवृद्धिका लागि परीक्षा फारम भरेका छन्। कुल २१६ जना विद्यार्थीले फारम भरेका छन्। कमलादेवी माविबाट नियमिततर्फ २८ जना, ग्रेडवृद्धितर्फ ११ जना, भवानी माविबाट नियमिततर्फ ४६ जना, ग्रेडवृद्धितर्फ २५ जना, व्यास माविबाट नियमिततर्फ ४८ जना, ग्रेडवृद्धितर्फ १८ जनाले परीक्षा फारम भरेका छन्। यस्तै धुवाङ माविबाट नियमितर्फ ९ जना, ग्रेडवृद्धितर्फ २ जना र रत्नज्योति माविबाट नियमिततर्फ १८ जना र ग्रेडवृद्धितर्फ ११ जना विद्यार्थीले परीक्षा फारम भरेका छन्।

कैलाशको कालिका माविका विद्यार्थी

...बाँकी पृष्ठ ३ मा

# टुक्रे आयोजना समावेश गर्नु बाध्यता : मन्त्री खड्का

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशका खानेपानी, उर्जा तथा सिचाई मन्त्री श्यामबहादुर खड्काले भौगोलिक विकटताका कारण बजेट कार्यक्रममा साना र टुक्रे आयोजना समावेश गर्नुपर्ने बाध्यता रहेको बताउनुभएको छ। उहाँले प्रदेशको भौगोलिक अवस्थिति र नागरिकको बसोबासको परिस्थितिले बजेटमा साना आयोजनाहरु राख्नुपर्ने बाध्यता रहेको बताउनुभयो।

बिहीबार हेटौँडामा भएको खानेपानी, उर्जा तथा सिचाई मन्त्रालयको दोश्रो चौमासिक समीक्षा कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मन्त्री खड्काले भौगोलिक अवस्थाका कारण कतिपय स्थानमा ५ लाखको योजनालाई अगाडि बढाउनुपर्ने बाध्यता रहेको उहाँले स्पष्ट पार्नुभयो। नागरिकको माग भएको स्थानमा सरकारको उपस्थिति अनिवार्य र तत्काल हुनुपर्ने उहाँको भनाई छ। उहाँले बजेट विनियोजनमा भएका त्रुटिको व्यवस्थापनका लागि आयोजना बैंक कार्यान्वयनमा ल्याइएको बताउनुभयो। आयोजक बैंक स्थापना पश्चात् विगतमा जस्तो टुक्रे योजनाहरु कम हुने उहाँले विश्वास व्यक्त गर्नुभयो।

मन्त्री खड्काले राजनीतिक पहुँचको आधारमा नभई आवश्यकताको आधारमा योजनाहरु छनोट गर्नुपर्ने बताउनुभयो। जनताले सेवा, सुविधा पाउने योजनाहरुलाई प्राथमिकता दिनुपर्ने उहाँको भनाई छ। जनताले सेवा पाउने, नगरी नहुने टुक्रे योजनाहरुलाई पनि आयोजना बैंकमा समावशे गर्ने गरी मन्त्रालयले व्यवस्थापन गर्ने मन्त्री खड्काको भनाई छ।

मन्त्री खड्काले नयाँ योजना सिफारिस गर्ने भन्दा पनि विगतदेखि नै अधुरा रहेका योजनाहरुलाई सम्पन्न गर्नुपर्नेमा मन्त्रालयको जोड रहने उनले बताए। प्रदेश सरकार अहिले बजेट बनाउने चरणमा रहेकाले अधुरा योजना सम्पन्न गर्न लाग्ने अनुमानित लागत पेश गर्न पनि डिभिजन प्रमुखहरुलाई निर्देशन दिए। मन्त्री खड्काले कामको सिलसिलामा देखिएका बेरुजु रकमहरुलाई पनि कम गर्ने गरी काम गर्न निर्देशन दिए। मन्त्री खड्काले गत असोजमा आएको विपद्को कारण ३ अर्ब ४३ करोडको संरचनामा क्षति पुगेको उनको भनाई छ।






# सम्पादकीय

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

## लागूऔषधको चपेटामा युवा

विश्वकै जटिल समस्या बनिरहेको लागूऔषध दुर्व्यसनको समस्याबाट नेपाल पनि ग्रसित बनिरहेको छ । प्रहरीले विशेष सूचनाको आधारमा तथा आकस्मिक चेकजाँचको क्रममा लागूऔषध सेवनकर्ता र कारोबारीलाई पक्राउ गर्दै आएको छ । मकवानपुर प्रहरीले पनि दिनहुँजसो लागूऔषधसहित मानिस पक्राउ गरिरहेको छ । यसले गाँजा तथा अफिमजस्ता लागूऔषधको उत्पादन र औषधिजन्य लागूऔषधको कारोबार निकै फस्टाइरहेको पुष्टि हुन्छ । मकवानपुर जिल्ला लागूऔषध कारोबारको "ट्रान्जिट"जस्तै बनिरहेको छ । मध्ये तराईका भारतीय नाकाबाट हेटौंडा आइपुगेका र मकवानपुरमा उत्पादन गरेर अन्यत्र बिक्री गर्न लाँदै गरेको लागूऔषध प्रहरीले बरामद गर्दै आएको छ । प्रहरीले लागूऔषधसहित पक्राउ गरेकामध्ये अधिकांश युवा हुने गरेका छन् । लागूऔषधको बढ्दो कारोबारले धेरै युवाले आफ्नो अमूल्य जीवन बर्बाद गरिरहेका छन् । हजारौं अभिभावकको सपना तुहिएको छ ।

मंगलबार एकै दिन मकवानपुर प्रहरीले लागूऔषध खैरो हेरोईनसहित ६ जनालाई पक्राउ गरेको छ । हेटौंडा-८, ओमनगरबाट ३ जना र हेटौंडा-१०, न्युरेनीबाट ३ जनालाई लागूऔषधसहित प्रहरीले पक्राउ गरेको हो । २.२९ ग्राम लागूऔषध खैरो हेरोईनसहित ओमनगरबाट ३२, ३५ र ३७ वर्षका तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । यस्तै, १.४३ ग्राम खैरो हेरोईनसहित न्युरेनीबाट २०, २४ र ४३ वर्षका तीन जनालाई प्रहरीले पक्राउ गरेको हो । मकवानपुर प्रहरीले चालु आर्थिक वर्ष २०८१/८२ को साउनदेखि पुससम्म एक सय ११ जनालाई लागूऔषध मुद्दामा पक्राउ गरेको छ । पक्राउ पर्नेमा एक सय ४ जना पुरुष र ७ जना महिला छन् । यस अवधिमा मकवानपुर प्रहरीले लागूऔषधसम्बन्धी ७३ वटा मुद्दा दर्ता गरेको छ । उक्त अवधिमा प्रहरीले ३ हजार ४ सय १० किलोग्राम लागूऔषध गाँजा र ५२ किलोग्राम चरेस बरामद गरेको छ । साउनदेखि पुससम्म प्रहरीले २ सय ५६ ग्राम खैरो हेरोईन बरामद गरेको छ । यस अवधिमा मकवानपुर प्रहरीले अफिम, नाइट्रोभेट, डाइजेपाम, ब्यप्रोनोरफिन, फेनारगन, नोर्फिन, एनार्गन, इन्फाडोल, ट्रामाडोल, कोरेक्सलगायत लागूऔषध बरामद गरेको छ ।

नेपाल सरकारले लागूऔषध नियन्त्रणका लागि अन्तर्राष्ट्रिय जगतमा प्रतिबद्धता जाहेर गर्दै आवश्यक कानुनी व्यवस्था लागू गरेको छ । लागूऔषध नियन्त्रणमा प्रहरी, प्रशासनले पनि सक्रियता देखाइरहेको छ । तर, दिनहुँ लागूऔषधसहित मानिस पक्राउ परेको समाचारले सबै प्रयत्न र कानुनी व्यवस्था निरर्थक जस्तै देखिएको छ । लागूऔषध कारोबार र दुर्व्यसनमा संलग्न अधिकांश ४० वर्ष मुनिका युवा छन् । अधिकांश युवा रोजगारी र उच्च शिक्षाको नाममा विदेश पलायन भइरहेको अवस्थामा देशभित्र रहेका सिमित संख्याका युवा शक्ति पनि लागूऔषध कारोबार र दुर्व्यसनमा फस्नुले अवस्था भयावह देखाउँछ । देशको मेरुदण्डको रुपमा मानिएको युवा पिँढी नै लागूऔषध ओसारपसारमा बढी संलग्न हुनु र उनीहरु नै दुर्व्यसनको शिकार बन्नुलाई सामान्यरुपमा लिन सकिँदैन ।

गाँजा, अफिम र चरेसजस्ता केही लागूऔषधको उत्पादन देशभित्रै हुने भए पनि अन्य लागूऔषध विदेशबाट भित्रिने गरेको छ । नेपाल-भारतबीच रहेको खुला सीमा र लागूऔषध कारोबारीको उच्च पहुँचकै कारण लागूऔषध तस्करी मौलाइरहेको मान्न सकिन्छ । औषधिको रुपमा उत्पादन गरिए पनि नेपालमा लागूऔषध दुव्यर्सनीहरुले प्रयोग गर्ने नुर्फिन, डाइजेपाम, लुप्रिजेसिक, फेनारगन, कोरेक्सजस्ता ट्याब्लेट, सुई र सिरप अत्यधिक मात्रामा भित्रिनु सुरक्षा निकायको लागि चुनौती बनेको छ । मकवानपुर जिल्लालगायत देशका विभिन्न ठाउँमा खेती गरिने गाँजा र अफिम रोक्न नसक्नु प्रहरी प्रशासनमात्र नभई स्थानीय सरकारको समेत कमजोरी मान्नुपर्छ । लागूऔषधको बढ्दो कारोबार रोक्न भरियामात्र पक्राउ गरेर हुँदैन । यसको मुख्य नाइकेसहितको गिरोह र सञ्जाल पत्ता लगाएर पक्राउ नगर्दासम्म लागूऔषधको चपेटाबाट युवालाई मुक्त गर्न सकिँदैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : सम्झौता र करारका लागि उपयुक्त समय योग छ ।
**वृष** : मानसिक थकान बढ्ने समय योग रहेको छ ।
**मिथुन** : धार्मिक एवम् परोपकारजन्य काममा समय बित्ला ।
**कर्कट** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
**सिंह** : साहस, हिम्मत र आत्मबलले काम गर्दा राम्रै रहन्छ ।
**कन्या** : बेठिक कामका कारण मन बिचलित हुने समय छ ।
**तुला** : सामाजिक कामबाट विशेष लाभ प्राप्त हुनेछ ।
**वृश्चिक** : कामको चापबाट फूर्सद पाइने समय छ ।
**धनु** : नियमकानुनको पालना गर्दा उचित हुने समय छ ।
**मकर** : यन्त्र–उपकरणको उपयोगमा ध्यान पुऱ्याउँदा राम्रै ।
**कुम्भ** : मनमा अन्यौलता र शरीरमा भारीपन देखिएला ।
**मीन** : जिद्धीपन र घमण्डले हानी पुऱ्याउने समय छ ।

# खर्च आम्दानीभन्दा बढी, कसरी सम्हाल्ने ?



✍सुधीर भद्र

चालु आर्थिक वर्ष २०८१-८२ को दोस्रो चौमासिकसम्म सरकारको आम्दानीभन्दा खर्च बढी देखिएको छ । महालेखा नियन्त्रक कार्यालयको पछिल्लो तथ्यांकअनुसार गत फागुन मसान्तसम्ममा सरकारले ७ खर्ब ३८ अर्ब ८२ करोड १३ लाख रुपैयाँ आम्दानी गर्दा ८ खर्ब ३९ अर्ब ३५ करोड ६० लाख खर्च भएको छ।

अर्थात् दोस्रो चौमासिकसम्ममा सरकारको आम्दानीभन्दा १ खर्ब ५३ करोड ४७ लाख खर्च बढी छ । त्यस्तै, यस अवधिमा सरकारको विकास खर्च पनि निकै कमजोर देखिएको छ। फागुन मसान्तसम्ममा पुंजीगत खर्च वार्षिक विनियोजनको २३.३७ प्रतिशत मात्रै छ। पुंजीगत शीर्षकमा ३ खर्ब ५२ अर्ब ३५ करोड ४० लाख बजेट विनियोजन भएकोमा हालसम्म ८२ अर्ब ३३ करोड ६० लाखबराबर मात्रै खर्च भएको देखिएको छ।

सरकारले चालु आर्थिक वर्षका लागि १८ खर्ब ६० अर्ब ३० करोड ३० लाखको बजेट ल्याएको थियो। फागुन मसान्तसम्म वार्षिक विनियोजनको ४५.१२ प्रतिशत अर्थात् ८ खर्ब ३९ अर्ब ३५ करोड ६० लाखबराबरको खर्च भएको छ । चालु शीर्षकमा ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख विनियोजन भएकोमा ५१.२१ प्रतिशत अर्थात् ५ खर्ब ८४ अर्ब १२ करोड ७८ लाखबराबर खर्च भएको छ। वित्तीय व्यवस्थापन शीर्षकमा ३ खर्ब ६७ अर्ब २८ करोड ४५ लाख विनियोजन भएकोमा ४७.०७ प्रतिशत अर्थात् १ खर्ब ७२ अर्ब ८९ करोड २२ लाखबराबर खर्च भएको छ।

यस्तै चालु आर्थिक वर्षका लागि सरकारले १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाखबराबर राजस्व उठाउने लक्ष्य रहेकोमा हालसम्म ५०.३ प्रतिशत अर्थात् ७ खर्ब ३८ अर्ब ८२ करोड १३ लाखबराबर असुली भएको छ। जसमध्ये कर राजस्वतर्फ १२ खर्ब ८४ अर्ब २० करोड ९६ लाख विनियोजन भएकोमा ४९.७४ प्रतिशत अर्थात् ६ खर्ब ३८ अर्ब ७९ करोड ९० लाख संकलन भएको छ।

त्यस्तै, गैरकर राजस्वतर्फ १ खर्ब ३५ अर्ब ९ करोड ३४ लाख उठाउने लक्ष्य रहेकोमा हालसम्म ६०.३६ प्रतिशत अर्थात् ८१ अर्ब ५४ करोड ७७ लाख असुली भएको छ । सरकारको वैदेशिक अनुदान संकलन पनि निकै कमजोर देखिएको छ। चालु आर्थिक वर्षका लागि ५२ अर्ब ३२ करोड ६५ लाख वैदेशिक अनुदान उठाउने लक्ष्य रहेकोमा हालसम्म वार्षिक लक्ष्यको १७.५१ प्रतिशत अर्थात् ९ अर्ब १६ करोड २५ लाख अनुदान लिइएको छ । यसले स्पष्ट गर्छ कि सरकारको यात्रा ओरालो लागिरहेको छ भने विकासको जनताको कैयौं वर्षदेखिको चाहना लम्बिरहेको छ । जनता 'कहिले झर्छ र खाउँला' भनेर बस्नुपरेको विषम अवस्था छ ।

आम्दानीभन्दा खर्च बढ्नु भनेको राज्यले थप ऋण लिनुपर्ने हुन्छ। यदि यो अवस्था केही वर्षसम्म लगातार कुनै सुधार बिना नै रह्यो भने यसले लिएको ऋणको भुक्तानीमा खराबी हुने सम्भावना हुन्छ। राज्य र राज्यको वित्त अवस्था ध्वस्त हुन सक्छ– ग्रिसजस्तै (जसले आफ्नो दैनिक जीवनको लागि ८५ प्रतिशत आयातित वस्तुमा बाँचिरहेको थियो– बिहानको खानादेखि साँझको निद्रासम्म, सबै चिज आयात गर्दै र जर्मनीको एजेला मर्केल किचनबाट दैनिक रोटीमा निर्भर) । त्यसपछिको अवस्था भनेको कसैले पनि फेरि कहिल्यै एक पैसा पनि उधारो दिनेवाला नहुनु नै हो।

साथसाथै, राजनीतिज्ञहरू कति आर्थिक रूपमा जिम्मेवार छन् भन्ने कुरामा पनि निर्भर गर्छ । उदाहरणका लागि नर्वेले उत्तरी समुद्रको तेल राजस्वबाट आफ्नो पैसा लगानी गरेको छ। वर्षौंको घाटापछि साउदी अरेबियाले यस वर्ष ठूलो अधिशेषको अपेक्षा गरेको छ। अलास्का आफ्ना नागरिकलाई पैसा दिइरहेको छ। तसर्थ, जसले खर्च गर्नेभन्दा बढी पैसा ऋण लिन्छ, पैसा दराजमा बस्दैन, यो खर्च हुन्छ । यो कसरी खर्च गरिन्छ भन्ने कुराले फरक पार्छ। यसले ऋण तिर्न सक्छ, यसले ठूला परियोजनाहरुमा लगानी गर्न सक्छ वा यसलाई अर्को वर्षको बजेटका लागि मात्र प्रयोग गर्न सकिन्छ । तर, यो अवस्था हाम्रो देशमा नदेखिँदा चिन्ता र चासो बढेको हो ।

यता पछिल्लो समय देशको अवस्था सहज देखिँदैन, स्थायित्व हुन्छ भन्दाभन्दै अस्थिरता लम्बिएको छ । बैंकबाट पैसा जनताले लिन छाडिसकेका छन्, राष्ट्र बैंक नोट खिचिरहेको छ । सबैतिर तरलता देख्न सकिन्छ । राजनीतिक हलचलले कसैलाई राजा चाहिएको छ भने कसैलाई यही व्यवस्थामा रजाइँ गर्न मन छ । देशको संसद् भवन सामाजिक सञ्जालले चलिरहेको छ । नेताका मनपरीतन्त्र यत्रतत्र सर्वत्र छ । यसैबीचमा विदेशीको हस्तक्षेप बढेको छ । केही दाताका दान रोकिएका छन् र देशको अर्थतन्त्रमा करिब २० अर्ब रोकिएको रटान संसद्मै उठिरहेको छ । उता प्रजातन्त्रको फाइदा भन्दै राज्यका नेतृत्वदेखि भुइँसम्म कसले के बोल्ने-नबोल्ने, गर्ने-नगर्ने सीमा नहुँदा देशकै राजधानी महानगरको प्रशासनिक र विकासको भुइँचालो थामिनसक्नु छ । उसैले विकास खर्च गर्न नसक्दा देशको अन्य क्षेत्रको अवस्था कस्तो छ भनेर प्रस्ट हुन सकिन्छ ।

विकासका लागि खर्च गर्न छुट्टयाएको पुँजीगत खर्चको रकम नै सदुपयोग नभएपछि विकासको गति कछुवाकै तालमा रहेको थप प्रमाणित हुन्छ। सरकार विकास खर्च गर्न असफल भएको छ । सरकारले पुँजीगत खर्चलाई जबसम्म यथोचित ढंगले कार्यान्वयन गर्न सक्दैन, तबसम्म जतिसुकै अन्य कुरामा सुधार गरे पनि देशको विकास हुन सक्दैन, जुन हामीले भोगिरहेका छौं । माथिको प्रतिवेदनले पनि यही कुरा प्रस्ट्याउँछ ।

सरकारको खर्च निरन्तर उकालो लाग्नु, सोअनुसारको आय गर्न नसक्नु अनि अर्काले दिन्छ र खान्छु भन्नुले हामी क्रमशः झन् ऋणको भकारी बोक्ने र गरिब हुँदै गइरहेको स्पष्ट हुन्छ । अर्थतन्त्रमा पुँजी निर्माण, उत्पादकत्व, आर्थिक वृद्धि र रोजगारी बढाउन नसक्दा गरिबीको प्रतिशतमा सुधार आउन सकेको छैन । उत्पादन र त्यसको दिगोपनामा केन्द्रित नहुँदा हामीले आशातित सफलता हासिल गर्न सकिरहेका छैनौं । यी सब कुरा गर्ने तागत पुँजीगत खर्चसँग हुन्छ। विकासमा गरिने खर्च पुँजीगत खर्च हो। पुँजीगत खर्च मूलतः विकास र सुधारका लागि गरिन्छ । योजना, नीति, कार्यक्रम र बजेटमा भौतिक सुधार र परिवर्तनको लागि प्रक्षेपण गरिने खर्च नै पुँजीगत खर्च हो । पुँजीगत खर्चले थप पुँजी निर्माण गरी आर्थिक विकासमा सहयोग पुऱ्याउँछ। यसमा पनि हामी कसरी खर्च गर्दै छौं, यो अत्यन्तै महत्वपूर्ण हुन्छ, किनकि त्यसैको आधारमा देशको आगामी यात्रा तय हुने गर्छ ।

अर्कातिर नेपाल राष्ट्र बैंकले जारी गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय अवस्था हेर्ने हो भने उपभोक्ता मुद्रास्फीति ४.१६ प्रतिशत रहेको छ । कुल वस्तु व्यापार घाटा ६.२ प्रतिशतले वृद्धि भई ८६१ अर्ब ३८ करोड पुगेको छ । सेवा आय ५० अर्ब २२ करोडले घाटामा रहेको छ । विप्रेषण आप्रवाह ७.३ प्रतिशतले वृद्धि भई ९०० अर्ब ५८ करोड पुगेको छ, तर अझै उत्पादनमुखीमा प्रयोग छैन । निक्षेप संकलन बोलकबोलमार्फत १८०९ अर्ब ५५ करोड र स्थायी निक्षेप सुविधामार्फत १३,०५२ अर्ब गरी कुल १४,८६१ अर्ब ५५ करोड (कारोबारमा आधारित) तरलता प्रशोचन गरिएको छ भने २ अर्ब ७० करोड ओभरनाइट तरलता सुविधा उपयोग भएको छ । औसत ब्याजदर ३.३४ प्रतिशत रहे पनि ऋण लिने मान्छे दिउँसै टर्च बालेर खोज्दा पनि पाइएको छैन ।

सरकार चालु खर्चमा मोज गर्नु अनि जनताले खाइनखाइ तिरेको करको पनि सदुपयोग नदेखिनुले हावामा उडेका सरकार र कार्यशैलीले गर्दा पनि जनता दैनिक ऋणको भार बोक्न बाध्य बनेका छन् । सरकार झन् आम्दानी नभएपछि कहाँ पाइन्छ र लिने अनि देश चलाउने ध्याउन्नमा केन्द्रित हुँदा अनियमितताले चुचुरो कायम गरिरहेको छ । योजना, नीति तथा कार्यक्रमका आधारमा पुँजीगत खर्च देशमा भए-गरेका छैनन्, जसले गर्दा तालिम, गोष्ठी र सेमिनारमा हामी तारे होटलमा पुँजीगत खर्च गर्न प्रतिस्पर्धा गरेर विषयको धज्जी उडाइरहेका छौं । नीति तथा योजना तहमा पुँजीगत खर्चको रकम बढाउने मात्र कुरा गरिए पनि त्यसको प्रयोग सही तरिकाले भयो कि भएन भन्ने कुरा अझै चिन्तनमा परेको छैन । अनुत्पादक क्षेत्रमा पुँजीगत खर्चको दुरुपयोग भइरहेको छ भन्ने बिर्सनाले पनि यी सब समस्या आएको भन्न सकिन्छ-स्वीकार गर्नुपर्छ ।

यसकारण राजस्वभन्दा बढी हुने सरकारी खर्च (बजेट घाटा) घटाउन सरकारले खर्च कटौती, कर वृद्धि र आर्थिक सुधारहरूको संयोजन लागू गर्न ढिलाइ गर्नु हुँदैन । अनि दक्षतामा ध्यान केन्द्रित गर्दै, आवश्यक सेवाहरूलाई प्राथमिकता दिँदै र दिगो राजस्व प्रवाह सुनिश्चित गर्न सके मात्र यो समस्या कम गर्न सकिन्छ । अझ स्पष्ट रूपमा भन्नुपर्दा सरकारले व्यर्थ खर्च पहिचान गरेर तत्काल त्यसलाई हटाउन सक्नुपर्छ, जसमा आवश्यक सेवालाई प्राथमिकता दिई दक्षता र उत्पादकता सुधार गर्नु प्रमुख कार्य हो। साथै, सरकारी ऋण नियन्त्रण गरी राजस्व वृद्धिमा सरकारको तन र मन जानुपर्छ । कर सुधारका प्याकेज र आर्थिक सुधारका लागि दिगो आर्थिक वृद्धि प्रवर्द्धन, श्रम बल सहभागिता सुधार, बेरोजगारी घटाउने र संरचनात्मक मुद्दाहरूलाई सम्बोधन गर्नुपर्ने हुन्छ । राजनीतिक र प्रशासनिक प्रतिबद्धता हुनैपर्छ । निरन्तरको अनुगमनलाई प्राथमिकतामा राखी प्रभावकारी कार्यान्वयन नै अहिलेको प्रमुख कार्यभित्र राख्न सके मात्र सरकारको आम्दानी, योजना, बजेट, खर्चको शैली, कार्यान्वयन र त्यसले पर्ने नतिजामा जिब्रो टोक्ने अवस्था आउँदैन ।

*(स्रोतः कारोबारदैनिक)*

# ३ महत्वपूर्ण कुरा, जसले जीवनलाई सुखी बनाउँछ

सुखी हुने इच्छा सबैमा हुन्छ, तर चाहना भएर मात्र सुख प्राप्त हुँदैन । सुख भन्ने कुरा न त कसैको वशमा हुन्छ न त कसैले इच्छा गर्दैमा पाइन्छ । त्यसैले मानिसको जीवनको अधिकांश समय कसरी सुखी हुने भन्ने उपायको खोजमा बित्छ। यस्तोमा जीवनलाई सुखी बनाउन स्वास्थ्य, सद्रुभाव र खुसी ३ कुराको सन्तुलन हुनुपर्छ ।

**१. स्वास्थ्य** : राम्रो स्वास्थ्यबिना जीवनको कुनै पनि लक्ष्य पूरा हुन सक्दैन। स्वास्थ्य राम्रो भएन भने कुशलतापूर्वक काम गर्न पनि सकिँदैन । स्वस्थ शरीरले मात्र कुनै पनि काम राम्रोसँग र निर्धारित समयभित्र गर्न सक्छ ।

आफ्नो व्यस्त दिनचर्यामा अलिकति परिवर्तन गरेर स्वास्थ्यको ख्याल राख्न सकिन्छ । स्वस्थ रहनका लागि नियमित शारीरिक व्यायाम, योग, ध्यान, सन्तुलित आहार, राम्रो विचार, नियमित स्वास्थ्य परीक्षण, पर्याप्त मात्रामा निद्रा र आराम र सधैं खुसी रहने बानी, धैऱ्यता आदि आवश्यक हुन्छ ।

व्यस्त दिनचर्या, तनाव र सोसल मिडियाको लामो समयसम्म प्रयोगले हामीलाई सानै उमेरमा बिरामी बनाउँदैछ। जसका कारण काम गर्ने क्षमतामा असर परिरहेको छ । स्वास्थ्य राम्रो भएन भने यसले जीवनको धेरै पाटोमा असर गर्छ ।

आफ्नो व्यस्त दिनचर्यामा अलिकति परिवर्तन गरेर स्वास्थ्यको ख्याल राख्न सकिन्छ । स्वस्थ रहनका लागि नियमित शारीरिक व्यायाम, योग, ध्यान, सन्तुलित आहार, राम्रो विचार, नियमित स्वास्थ्य परीक्षण, पर्याप्त मात्रामा निद्रा र आराम र सधैं खुसी रहने बानी, धैऱ्यता आदि आवश्यक हुन्छ ।

**यी विधिहरू राम्रो स्वास्थ्य प्राप्त गर्न उपयोगी हुन्छन्**

**पर्याप्त निद्रा** : वयस्कहरुले कम्तिमा २४ घण्टामा ७-८ घण्टा सुत्न आवश्यक छ, प्रर्याप्त निद्राले स्वास्थ्यमा राम्रो प्रभाव पार्छ र दिनभर उर्जाले भरिपूर्ण राख्छ। यसले मोटोपना, मधुमेह, हृदय रोग, उच्च रक्तचाप जस्ता धेरै गम्भीर रोगहरूबाट पनि टाढा राख्छ।

**नियमित व्यायाम** : राम्रो स्वास्थ्यका लागि हरेक बिहान आधा वा एक घण्टा शारीरिक व्यायाम गर्नुपर्छ । नियमित व्यायाममा फटाफट हिँड्ने, दौडने, साइकल चलाउने आदि समावेश गर्न सकिन्छ। व्यायामले विभिन्न स्वास्थ्य समस्याबाट बचाउँछ ।

नियमित व्यायाम गर्दा मांसपेशी स्वस्थ हुन्छ। शरीरमा रगतको प्रवाह सुधार हुन्छ र रक्तचाप नियन्त्रण गर्न मद्दत गर्छ । तनाव र डिप्रेसनजस्ता मानसिक रोगबाट टाढा राख्छ। तौल नियन्त्रण हुन्छ।

साथै बुढ्यौलीको गतिलाई कम गरेर लामो समयसम्म जवान राख्न मद्दत गर्छ । मस्तिष्कले पनि सक्रिय रूपमा काम गर्छ। अल्ट्रा प्रोसेस्ड फूडबाट टाढा रहने र सन्तुलित आहार खाने ।

धेरै मात्रामा क्यालोरी हुने अल्ट्रा-प्रोसेस्ड फूडहरूमा फाइबरको मात्रा कम हुन्छ र चिनीको मात्रा धेरै हुन्छ, त्यसैले यस्ता खानेकुरा खाँदा पेट भर्ने मात्र होइन, छिटो तौल पनि बढ्छ। भोक नलागेका बेला पनि यसको सेवन गरियो भने स्वास्थ्यका लागि निकै हानिकारक हुन्छ।

आजभोलि आलु खानुको सट्टा त्यसबाट बनेका प्रशोधित खानेकुराहरु जस्तैः- चिप्स वा फ्रेन्च फ्राइज आदि खाने गरिन्छ। यस्ता प्रशोधित खानेकुरा बनाउने प्रक्रियामा केमिकलको प्रयोगले गर्दा यिनीहरूको वास्तविक गुणस्तर बिग्रन्छ र यी खानेकुराहरु हानिकारक हुन सक्छन्।

त्यसैले स्वस्थ रहन प्रशोधित खानेकुरा भन्दा प्राकृतिक र सन्तुलित आहार सेवन गर्नु धेरै महत्त्वपूर्ण हुन्छ। किनभने यसले पर्याप्त पोषण दिन्छ । यसमा कार्बोहाइड्रेट, प्रोटिन, भिटामिन र खनिज जस्ता सबै आवश्यक पोषक तत्वहरु पाइन्छ।

सन्तुलित आहारका लागि फाइबरयुक्त खानेकुरा जस्तै ताजा फलफूल, सलाद, हरियो सागसब्जी, दूध, अण्डा, दही, टुसा सम्प्रिएको सलाद, सिमी र ड्राइफ्रुटहरूलाई दैनिक आहारमा समावेश गर्नुपर्छ ।

**मोबाइलसँग कम समय बिताउने**

आजभोलि बालबालिका होस् वा वयस्क सबैले आफ्नो अधिकांश समय मोबाइलमै बिताउँछन् । सबैले आफूलाई स्क्रिनको अगाडि कैद गरेका छन् । तर, यसको अत्याधिक प्रयोगले हाम्रो स्वास्थ्यमा नकारात्मक असर गरिरहेको छ ।

...बाँकी पृष्ठ ३ मा

# ६ पालिकामा एकसाथ कक्षा ८ को परीक्षा

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको ६ वटा पालिकामा बिहीबारबाट आधारभूत तह (कक्षा-८) उत्तीर्ण परीक्षा सुरु भएको छ। हेटौंडा उपमहानगरपालिका, इन्द्रसरोवर गाउँपालिका, मनहरी गाउँपालिका, कैलाश गाउँपालिका, बकैया गाउँपालिका र बागमती गाउँपालिकामा कक्षा ८ को वार्षिक परीक्षा सुरु भएको हो।

बागमती गाउँपालिकामा आधारभूत तह उत्तीर्ण परीक्षामा २५ जना परीक्षार्थी अनुपस्थित भएका छन्। २ सय २० छात्र र २ सय ४९ छात्रा गरी ४ सय ६९ परीक्षार्थीले मात्र अनिवार्य अंग्रेजी विषयको परीक्षा दिएको बागमती गाउँपालिका शिक्षा शाखाका शिक्षा प्रतिनिधि प्रमोद राईले जानकारी दिनुभयो। १५ वटा विद्यालयका ४ सय ९४ जनाले कक्षा-८ को परीक्षा आवेदन फारम भरेका थिए। १४ गतेसम्म सञ्चालन हुने परीक्षामा सूर्य माध्यमिक विद्यालय, महाबुद्ध आधारभूत विद्यालय र चौरा आधारभूत विद्यालय परीक्षा केन्द्रबाट विद्यार्थीले परीक्षा दिइरहेका छन्।

इन्द्रसरोवर गाउँपालिकामा २ वटा परीक्षा केन्द्रबाट एक सय ६२ जनाले परीक्षा दिइरहेको गाउँपालिका शिक्षा शाखा प्रमुख धर्मानन्द पन्तले जानकारी दिनुभयो। ७ वटा विद्यालयका एक सय ७१ जनाले परीक्षा आवेदन फारम भरेका थिए। मनहरी, कैलाश, बकैया र हेटौंडा उपमहानगरपालिकाले भने पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा दिने विद्यार्थी विवरण उपलब्ध गराउन सकेन। मकवानपुरगढी र भीमफेदीमा परीक्षा भइसकेको छ भने राक्सिराङमा आज शुक्रबारबाट कक्षा-८ को परीक्षा सुरु हुँदैछ।

# महालक्ष्मी विकास बैंकद्वारा डस्टविन सहयोग

समाज संवाददाता

हेटौंडाः महालक्ष्मी विकास बैंक लिमिटेड हेटौंडा शाखाले हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयलाई डस्टविन सहयोग गरेको छ। बिहीबार बैंकका कर्मचारीले वडा कार्यालयमै पुगेर डस्टविन हस्तान्तरण गरेका हुन्।

महालक्ष्मी विकास बैंकले सामाजिक उत्तरदायित्व अन्तर्गत ३० थान डस्टविन वडा कार्यालयलाई हस्तान्तरण गरेको छ। बैंकको प्रधान कार्यालयका सहायक प्रमुख कार्यकारी अधिकृत अमितबहादुर चन्दले करिब २८ हजार रुपैयाँ बराबरको डस्टविन वडाध्यक्ष नवीन सिग्देललाई हस्तान्तरण गर्नुभयो।

वडाभित्र फोहोर व्यवस्थापनमा चुनौती भएको अवस्थामा वडा कार्यालयलाई डस्टविन सहयोग गरेकोमा वडाध्यक्ष सिग्देलले खुशी व्यक्त गर्नुभयो। फोहोर व्यवस्थापनमा देखिएको चुनौतीलाई मध्यनजर गरेर सहयोगस्वरुप प्राप्त भएको डस्टविनलाई सार्वजनिक स्थानमा प्रयोग गर्ने उहाँले बताउनुभयो। विद्यालय तथा क्याम्पसका चौरमा डस्टविन राख्ने उहाँले बताउनुभयो।

बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत चन्दले यसअघि रोटरी क्लब अफ हेटौंडासँगको सहकार्यमा हुप्रचौरमा राख्नका लागि डस्टविन सहयोग गरेको बताउनुभयो। हेटौंडा-१० स्थित सामुदायिक आँखा अस्पतालमा पानीको प्यूरिफायर, हेटौंडा-११ स्थित सहिद स्मारकमा डस्टविन र रोटरी क्लबसँगको सहकार्यमा विद्यालयमा शौचालय निर्माण गरेको उहाँले बताउनुभयो। डस्टविन हस्तान्तरण कार्यक्रममा वडा सदस्य गीता त्रिपाठीलगायत वडा कार्यालय र बैंकका कर्मचारीहरुको उपस्थिति रहेको थियो।

# स्ववियु पदाधिकारीलाई बधाई

समाज संवाददाता

हेटौंडाः नेकपा एमाले निकट जनसंगठन समन्वय संयन्त्र मकवानपुरले विभिन्न क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) का पदाधिकारीलाई बधाई दिएको छ। गत चैत ५ गते सम्पन्न स्ववियु निर्वाचनमा अनेरास्ववियुको तर्फबाट उम्मेदवारी दिई निर्वाचित स्ववियु पदाधिकारीलाई संयन्त्रले बिहीबार जिल्ला पार्टी कार्यालयमा कार्यक्रम गरी बधाई तथा सम्मान प्रदान गरेको हो।

जनसंगठन समन्वय संयन्त्र मकवानपुर अध्यक्ष सन्तोष पौडेलको सभाध्यक्ष एवम् पार्टीका केन्द्रीय सदस्य तथा मकवानपुर इन्चार्ज रामेश्वर रानाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो। कार्यक्रममा बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलको पनि उपस्थिति रहेको थियो।

प्रमुख अतिथि रानाले लामो समयको संघर्षपछि अखिल नेपाल राष्ट्रिय विद्यार्थी युनियन (अनेरास्ववियु) ले हेटौंडाको ४ वटा क्याम्पसमा अध्यक्ष पदमा विजयी हुन सफल भएको बताउनुभयो। पार्टीको सिद्धान्तलाई अपनाएर समृद्ध राष्ट्र निर्माणका आधारहरु तयार गर्दै जानुपर्ने उहाँले बताउनुभयो। स्ववियु निर्वाचनजस्तै ८४ को चुनावमा पनि सकारात्मक नतिजाको अपेक्षा रहेको उहाँले स्पष्ट पार्नुभयो।

पूर्वमुख्यमन्त्री पौडेलले पहिला अखिलले एक पटक टुँडिखेलमा हल्ला गर्दा सिङ्गो नेपाल हल्लाउने गरेको भए पनि अहिलेको पिँढीमा उक्त जोस कम भएको बताउनुभयो। हिजोको अखिल कस्तो थियो भन्ने बुझ्न अखिलको इतिहास पढ्न जरुरी रहेको उहाँले बताउनुभयो। हरेक क्याम्पसमा स्ववियुको भूमिका अत्यन्तै महत्वपूर्ण रहेको र एक पटक अध्यक्ष जितिसकेको संगठनले अर्को पटक हार्नु भनेको संगठन कमजोर भएको बुझ्नुपर्ने बताउनुभयो।

मकवानपुर बहुमुखी क्याम्पसमा अनेरास्ववियुका प्रसिद्ध रेग्मी स्ववियु अध्यक्षमा निर्वाचित भएका छन्। वंशगोपाल बहुमुखी क्याम्पसमा अनेरास्ववियुका दिवस सिलवाल निर्विरोध स्ववियु अध्यक्ष बनेका छन्। यस्तै, हेटौंडा क्याम्पसमा अभि सुवेदी र निर्मल बहुमुखी क्याम्पसमा प्रशान्त भण्डारी अनेरास्ववियुको तर्फबाट स्ववियु अध्यक्ष निर्वाचित भएका छन्।

## ३ महत्वपूर्ण...

बालबालिकाले मोबाइलमा गेम खेल्ने भएकाले घरबाहिर खेल्न बिर्सिएका छन्, जसले गर्दा उनीहरूको शारीरिक विकास रोकिएको छ। उनीहरुको सिर्जनशीलता घट्दै गएको छ, बालबालिका सानै उमेरमा रोगको शिकार बनिरहेका छन्।

मोबाइलकै कारण वयस्कहरुले परिवार तथा साथीभाइसँग समय बिताउन बिर्सएका छन्। दिनभर फोनमा व्यस्त र हने बानीले स्वास्थ्य सम्बन्धी धेरै समस्या निम्तन थालेको छ। अत्याधिक समय मोबाइलमा बिताउँदा आँखाको समस्या, घाँटी र ढाड दुख्ने समस्या, अनिद्रा, डिप्रेसन आदि जस्ता समस्याहरु निम्तन थालेको छ।

**२. सद्भाव** : जब हाम्रो स्वास्थ्य राम्रो हुन्छ तब मात्र हामी एक-अर्कासँग (जस्तैः- परिवार, साथीहरुसँग, कार्यालयमा) राम्रो सद्भाव वा समन्वय सिर्जना गर्न सक्षम हुन्छौं। यदि परिवार र साथीभाइमा राम्रो समन्वय वा मेलमिलाप छैन भने तनाव हुन्छ र यसले मानसिक समस्या निम्तने जोखिम बढ्छ।

सद्भाव भनेको कुनै पनि सम्बन्धको बीचमा पारस्परिक समन्वय हो। समन्वय जति राम्रो हुन्छ, जीवन त्यति सहज हुन्छ। जुनसुकै क्षेत्रमा चाहे त्यो परिवार होस्, श्रीमान्-श्रीमती होस्, कार्यालय होस् वा समाज, सबैतिर समन्वयको खाँचो हुन्छ।

यदि एकअर्कासँग समन्वय कायम गर्न जान्ने हो भने जीवन खुसी भरिनेछ, तर समन्वयको यो अवस्था तब मात्र प्राप्त हुन्छ जब हामी एक-अर्कालाई समय दिन्छौं। यदि त्यसो हुन सकेन भने तनाव उत्पन्न हुन्छ। त्यसैले परिवार, बालबालिका, समाज र आफ्नो कार्यक्षेत्रबीच समन्वय कायम गर्न जरुरी छ।

सम्बन्ध जस्तोसुकै होस्, यसलाई राम्रो बनाउनका लागि पर्याप्त समय चाहिन्छ, तर आजकल समयको अभावले मानिसहरु सम्बन्धलाई जोगाउन पर्याप्त समय दिन सक्दैनन्। जसले गर्दा सम्बन्धको मिठास कतै घट्दै गएको छ जसका कारण आजभोलि संयुक्त परिवार टुट्दै गएको छ। श्रीमान्-श्रीमती बीच सम्बन्ध विच्छेद भइरहेको छ। अभिभावकहरु बालबालिकाबाट टाढिँदै गएका छन्।

धेरै व्यक्तिहरूले अहिले आफ्नो अधिकांश समय मोबाइलमा बिताउँछन् जसका कारण उनीहरू आफ्ना प्रियजन र परिवारबाट टाढिँदै गएका छन्। पहिले जुनसुकै समस्या पनि परिवारसँगै बसेर समाधान गर्थे। जसका कारण परिवारका सदस्य एक-अर्कासँग जोडिइरहन्थे। तर आजकल त्यसका अभावले धेरै व्यक्ति एक्लो हुँदै गएका छन्।

**३. खुसी** : जीवनलाई सुखी बनाउन खुसी हुनु पनि अत्यन्तै जरुरी हुन्छ। जीवन तनावले घेरिएको छ भने खुसी हुन गाह्रो हुन्छ। त्यसैले जीवनलाई सुखी बनाउन तनाव व्यवस्थापन गरेर खुसी हुनु जरुरी हुन्छ।

जीवनमा खुसी हुन सकिएन भने अरु सबैकुरा बेकार लाग्छ। अर्थात खानपिन, मोजमस्ती, भेटघाट, घुमफिर, स्वास्थ्य सबै राम्रो हुन्छ जब मन खुसी हुन्छ।

भनिन्छ, पैसाले सबै थोक किन्न सक्छ तर खुसी हुन सक्दैन। त्यसैले, खुसीका लागि, आफ्नो खुसीलाई चिन्नुपर्छ। हरेक व्यक्तिले फरक तरिकाले खुसी प्राप्त गर्छ। उदाहरणका लागि, कसैले राम्रो खाना खाएर, कसैले राम्रो लुगा लगाएर, कसैले यात्रा गरेर, कोही घरको बगैंचामा काम गरेर, कोही मन्दिरमा गएर सेवा गरेर खुसी प्राप्त गर्छन्।

कोही पढेर लेखेर, कोही परिवारसँग समय बिताएर, कोही संगीत सुनेर खुसी हुन सक्छन्, कोही पैसा कमाएर, कोही बैंक ब्यालेन्स बढाएर आदि। खुसी हुनका लागि आफ्नो खुसीलाई चिन्नुपर्छ। त्यसैले कुन कुराले खुसी बनाउँछ भनेर पहिचान गर्न महत्त्वपूर्ण हुन्छ।

**खुसी रहने उपाय**

**आफ्नो हेरचाह गर्ने** : कहिलेकाँही आफ्नो हेरचाह र अरूको हेरचाहले पनि ऊर्जावान र आनन्दित बनाउन सक्छ। परिवारसँग गुणस्तरीय समय बिताउने, प्रकृतिसँग नजिक हुने र आफूलाई मनपर्ने काम गर्दा खुसी प्राप्त हुन्छ।

**सकारात्मक हुने** : खुसी हुन, सन्तुष्ट रहनुपर्छ र आफ्नो सोच सकारात्मक राख्नुपर्छ। अरूबाट धेरै आशा गर्नु हुँदैन। प्रायः हामी अरूबाट धेरै अपेक्षा गर्छौं र जब त्यो पूरा हुँदैन, हामी निराश र दुःखी हुन्छौं। निराशाले हाम्रो खुशीलाई असर गर्छ।

**परिवारसँग समय बिताउने** : आजभोली केही समय फुर्सद हुने बित्तिकै पनि मोबाइलसँग समय बिताइन्छ। जसको कारण पनि आजभोली मानिसहरु एक्लोपनको सिकार भइरहेका छन्। यदि यस्तो अवस्थाबाट बच्ने हो भने केही समय परिवार, बालबालिका र साथीहरुसँग बिताउँनुपर्छ।

उनीहरूसँग भेटघाट, ठट्टा, गफ, घुमफिर, खानपिनमा समय बिताउन सकिन्छ। यस्ता केही खुसीका पलहरूलाई सम्झनामा समेटेर खुसी रहन सकिन्छ।

*(स्रोत: अनलाईखबर)*

# निर्माण व्यवसायी संघद्वारा प्रजिअ श्रेष्ठलाई स्वागत

समाज संवाददाता

हेटौंडाः निर्माण व्यवसायी संघ मकवानपुरले प्रमुख जिल्ला अधिकारी (प्रजिअ) स्किम श्रेष्ठलाई स्वागत गरेको छ। बिहीबार एक कार्यक्रम आयोजना गरी श्रेष्ठलाई स्वागत गरेको हो।

निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष बालगोपाल कँडेलको सभाध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी श्रेष्ठको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो। कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै निर्माण व्यवसाय सफल भएमात्र आफूहरु सफल हुने प्रजिअ श्रेष्ठले बताउनुभयो। निर्माण व्यवसाय सफल भएमात्र खुसी नेपाली समृद्व नेपालको अवधारणा पूरा हुने उहाँको भनाइ छ।

कतिपय केसमा निर्माण व्यवसायीले निर्माण कार्य सुस्त गर्ने गरेको र समय अवधि सकिन लागेपछि हतारमा काम गर्ने प्रवृत्ति झाङ्गिँदै गएको प्रजिअ श्रेष्ठले जिकिर गर्नुभयो। राष्ट्र निर्माण गर्नका लागि सरकार र निर्माण व्यवसायी संघ एकजुट भएर काम गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

## पहिलो दिन...

भने हेटौँडा-४ स्थित भुटनदेवी माविबाट परीक्षा दिएका छन्। यस वर्ष कालिका माविबाट नियमिततर्फ ४५ जना र ग्रेडवृद्धितर्फ १० जनाले फारम भरेका छन्। आफ्नै विद्यालयमा परीक्षा दिने व्यवस्था नभएका कारण कालिका माविका विद्यार्थी जिल्ला सदरमुकाम नै आउन बाध्य भएका छन्। पालिकाभित्रै केन्द्र परेका विद्यार्थीका लागि खाने बस्ने सुविधा उपलब्ध गराएको गाउँपालिकाले जिल्ला सदरमुकाम जान बाध्य विद्यार्थीलाई पनि केही सुविधा उपलब्ध गराउने विषयमा छलफल भइरहेको गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तानले जानकारी दिनुभयो। पहिलो दिनको परीक्षा सौहार्द्ध वातावरणमा सम्पन्न भएको उहाँले जानकारी दिनुभयो।

**बुधबारे बालसाहित्य**

**यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं। आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं।**



**सम्पादक**

# हेटौँडामा ग्यास बुलेट दुर्घटना

समाज संवाददाता

हेटौंडा : पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौँडा-८, औद्योगिक क्षेत्र अगाडि ग्यास बुलेट दुर्घटनामा परेको छ। बिहीबार बिहान ७ बजेर १५ मिनेटको समयमा बीरगन्जबाट हेटौँडातर्फ आउँदै गरेको भारतीय नम्बर एन एल ०१ ए ए ५००७ भएको ग्यास बुलेट ब्रेक फेल भई हेटौँडाबाट वीरगन्जतर्फ जाँदै गरेको ग १ ख ९४८१ नम्बरको ट्रकसँग ठोक्किएर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

ट्रकसँग ठोक्किएर ग्यास बुलेट सडक छेउमा पल्टिएको छ। दुर्घटनामा कुनै किसिमको मानवीय क्षति नभएको र ग्यास बुलेटका कारण जोखिम नभएको प्रहरीले जानकारी दिएको छ। राजमार्गमा पनि कुनै किसिमको अवरोध नभएको प्रहरीले जानकारी दिएको छ। ग्यास बुलेट धादिङ जिल्लाको धार्केस्थित ग्यास उद्योगका लागि ग्यास लिएर जाँदै गरेको प्रहरीको भनाइ छ।

# २२ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडाः नेपाल स्वयम्सेवी रक्तदाता समाज तथा हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयको आयोजनामा बुधबार रक्तदान कार्यक्रम भएको छ। कार्यक्रममा २२ जनाले रक्तदान गरेको स्वयम्सेवी रक्तदाता समाजका अध्यक्ष पूर्ण अर्यालले जानकारी दिनुभयो।

रक्तसञ्चार केन्द्रमा रगत अभाव भएका कारण वडा कार्यालय र समाजले संयुक्तरुपमा कार्यक्रम आयोजना गरेको अर्यालले बताउनुभयो। कार्यक्रममा वडा अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्य थियो।

केन्द्रमा अहिले ए र ओ पोजेटिभ ग्रुपको रगत अभाव भएको केन्द्रका प्राविधिक टंक दहालले जानकारी दिनुभयो। रक्तदान गर्न चाहनु हुनेले केन्द्रमै गएर रक्तदान गर्न दहालले आग्रह गर्नुभयो। हेटौंडा अस्पतालमा डाइलासिसको बिरामी बढेसँगै केन्द्रमा रगत अभाव भएको उहाँको भनाइ छ। शनिबार मकवानपुरगढी गाउँपालिका-३ मा रहेको जागरण बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजनामा रक्तदान कार्यक्रम हुँदैछ।

# आगलागी पीडितलाई टेन्ट सहयोग

समाज संवाददाता

हेटौंडाः आगलागीबाट पूर्णरुपमा घर जलेर नष्ट भएका कृष्णबहादुर दर्लामीलाई अस्थायी टेन्ट सहयोग गरिएको छ। मंगलबार मकवानपुरगढी गाउँपालिका-२, बाँसपानीस्थित मगरको घर आगलागीबाट पूर्णरुपमा नष्ट भएको थियो।

सोही दिन मकवानपुरगढी गाउँपालिका र वडा कार्यालयले मगरलाई टेन्टसहित खाद्यान्न र लत्ता कपडा वितरण गरेको मकवानपुरगढी गाउँपालिकाको २ नम्बर वडा अध्यक्ष बखान सिंह पाखिनले जानकारी दिनुभयो। मगरको घर कसरी आगलागी भयो भन्ने खुल्न नसकेको पाखिनले बताउनुभयो।

गाउँपालिकाले मगरलाई सिरक, दाल, चामल, तरकारी, लत्ता कपडालगायतका सामग्री वितरण गरेको छ। प्रहरीको मुचुल्कापश्चात् मगरलाई पालिकाको मापदण्डअनुरुप थप सहयोग गर्ने वडा अध्यक्ष पाखिनले बताउनुभयो। आगलागीबाट मानवीय तथा चौपाय क्षति भएको छैन।

**क्यान्टिन संचालनका लागि टेन्डरको सूचना**

ज्ञानोदय बालबाटिका एकेडेमी संगम चोक, हेटौंडाको लागि मिति २०८२/०१/०१ बाट क्यान्टिन संचालन गर्नुपर्ने भएकोले इच्छुक तथा योग्य व्यक्ति, फर्म या संस्थाबाट शिलबन्दी दरभाउ पत्र (टेन्डर) आव्हान गरिएको छ।

**सेवा तथा शर्तहरु :**

१. निवेदकले व्यापारिक वैध इजाजत पत्र पेश गर्नुपर्ने छ।
२. क्यान्टिन संचालनका लागि सरसफाई र गुणस्तरीय खाद्यपदार्थ उचित र सुपथ मूल्यमा उपलब्ध गराउन प्रतिबद्ध रहनुपर्ने छ।
३. टेन्डर आवेदन मिति २०८१/१२/१५ गतेसम्म दिई सक्नुपर्ने छ।
४. अन्य शर्तहरु विद्यालयसँगको समझदारी अनुसार हुनेछ।

**थप जानकारीका लागिः**
फोन नं. : ९८६१७२०९५४, ०५७–५२१७९० वा इमेल gyanodaya790@gmail.com मा सम्पर्क गर्न सक्नुहुनेछ।

**ज्ञानोदय बालबाटिका एकेडेमी**
**हेटौंडा–२, संगमचोक**



# राष्ट्रिय हक्की प्रतियोगिता सुरु

**समाज संवाददाता**

हेटौंडाः हेटौंडामा राष्ट्रिय हक्की प्रतियोगिता सुरु भएको छ । मकवानपुर जिल्ला हक्की संघको आयोजनामा बिहीबारबाट सुरु भएको प्रतियोगिताको उद्‌घाटन बागमती प्रदेश खेलकुद विकास परिषद्‌का सदस्यसचिव दीपक लामाले गर्नुभएको हो ।

हेटौंडा-४ स्थित हुप्रचौरमा सुरु भएको पुरुषतर्फको पहिलो खेलमा मिथिला नगरपालिकाले हेटौंडा उपमहानगर पालिकालाई ५-० गोल अन्तरले पराजित गरेको छ । दोस्रो खेलमा भद्रपुर नगरपालिका र बेदपुर नगरपालिकाबीचको खेल ४-४ गोलको बराबरीमा रोकिएको छ। तेस्रो खेलमा भीमदत्त नगरपालिकाको टिमले वीरगञ्जलाई ११-० गोलले हराएको छ । चौथो खेलमा बिर्तामोडले पोखरालाई १-० गोलले हराएको छ। पाँचौं खेलमा वेदकोटले हेटौंडालाई ३-२ गोलले हराएको छ । बिहीबारै भएको खेलमा विराटनगरले वीरगञ्जलाई ४-० गोल र बिर्तामोडले वीरगञ्जलाई ४-० गोलले हराएको छ ।

महिलातर्फको पहिलो खेलमा भीमदत्त नगरपालिका विजयी भएको छ। हेटौंडा उपमहानगरपालिकाको टिमलमई २-१ ले भीमदत्त नगरपालिकाले हराएको छ । हेटौंडा र पोखराबीचको खेल १-१ गोलको बराबरी भएको छ ।

बागमती प्रदेश खेलकुद विकास परिषद् र हेटौंडा उपमहानगरपालिकाको मुख्य सहयोगमा सुरु भएको प्रतियोगितामा सहप्रायोजकका रुपमा हेटौंडा-१० स्थित तुल्सीमेहर बोर्डिङ र नारायणी कलेज रहेको छ । ५ 'ए' साइडमा सञ्चालन भएको प्रतियोगितामा पुरुषतर्फ ९ वटा टिम र महिलातर्फ ४ वटा टिमको सहभागिता रहेको छ ।

प्रतियोगिताका लागि नेपाल हक्की संघ केन्द्रीय समितिले प्राविधिक सहयोग गर्नेछ । प्रतियोगितामा विभिन्न जिल्लाका नगरपालिकाहरुको टिमको सहभागिता रहेको छ । जिल्ला हक्की संघका अध्यक्ष मनोज शर्माको अध्यक्षतामा कार्यक्रमको उद्‌घाटन भएको हो ।

प्रतियोगिताको उद्‌घाटन गर्नुहुँदै सदस्यसचिव लामाले मकवानपुरले हक्कीको पुनःआगमन गराएको बताउनुभएको छ । प्रदेश खेलकुद विकास परिषद्‌मार्फत हक्की खेलको विकासको लागि काम गर्ने बताउनुभयो । नीति निर्माण गर्दा खेलकुदलाई बुझ्न आवश्यक रहेको उहाँले बताउनुभयो ।

उद्‌घाटन कार्यक्रममा मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मोक्तान, कार्यालय प्रमुख माधव कोइराला, प्रदेश खेलकुद परिषद्‌का पूर्वसदस्य माधव तिमल्सिना लगायतको उपस्थिति रहेको थियो ।

प्रतियोगिताको उपाधि विजेता टिमले ३० हजार र उपविजेताले २० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । तृतीय हुने टिमले १० हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । गत वर्ष सम्पन्न भएको प्रतियोगितामा ८ वटा टिमको सहभागिता रहेको थियो । गत वर्ष हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा सम्पन्न भएको प्रतियोगिताको उपाधि भीमदत्त नगरपालिकाले जितेको थियो। प्रतियोगिता लिग प्रणालीमा सञ्चालन हुनेछ ।

### प्रधानमन्त्री कप क्रिकेट

# नेपाल पुलिसँग बागमती पराजित

**समाज संवाददाता**

हेटौंडाः नेपाल क्रिकेट संघ (क्यान) को आयोजनामा जारी प्रधानमन्त्री (पीएम) कप क्रिकेट प्रतियोगितामा बागमती प्रदेशको टिम नेपाल पुलिस क्लबसँग पराजित भएको छ। बिहीबार भएको खेलमा नेपाल पुलिस क्लबले बागमती प्रदेशलाई ९३ रनले हराएको हो । लिग चरणको छैठौं खेल सक्किँदा बागमती प्रदेशले ४ खेल हारेको छ भने २ खेल मात्रै जितेको छ ।

टस जितेर पहिले ब्याटिङ गरेको नेपाल पुलिस क्लबले निर्धारित ५० ओभरमा ८ विकेट गुमाउँदै २ सय ९७ रन बनाएको थियो । नेपाल पुलिसका लागि कुशल भुर्तेलले सर्वाधिक ८८ रन बनाए। ९८ बलको सामना गरेका कुशलले ११ चौका प्रहार गरेका थिए । पहिलो विकेटका लागि कुशल र अमित श्रेष्ठले १२४ रनको विशाल साझेदारी गरे । २० ओभर ५ बलमा १२४ रन जोडेर महत्वपूर्ण साझेदारी गरेपछि पुलिसका अमित श्रेष्ठ आउट भए । अमित श्रेष्ठले ४८ रन बनाएर आउट भए । पुलिसका लागि कप्तान दिपेन्द्र सिंह ऐरीले ४६ बलमा ३ छक्का र ४ चौका प्रहार गर्दै महत्वपूर्ण ६० रन जोडे भने आरिफ शेखले ३८ रन बनाएका थिए ।

बलिङतर्फ बागमतीका लागि प्रतिश जिसीले सर्वाधिक ३ विकेट लिएका थिए । यस्तै, रिजन ढकाल, इशान पाण्डे, साकार गजुरेल र विपिन आचार्यले समान एक/एक विकेट लिएका थिए । मकवानपुरका रिजन ढकाल सबैभन्दा महंगो सावित भए । उनले १० ओभर बलिङ गरेर १ विकेट मात्रै लिँदा ६९ रन व्यहोर्नु पर्‍यो । ६ ओभर बलिङ गरेका इशान पाण्डेले पनि ४५ रन व्यहार्न बाध्य भए ।

जवाफी ब्याटिङ गरेको बागमतीले ४५ ओभर २ बलमा २ सय ४ रन बनाउँदै अल आउट हुनुपर्‍यो। बागमतीका लागि इशान पाण्डेले सर्वाधिक ७० रन बनाएका थिए । शुभ कंसाकारले ३६ रन र विपिन आचार्यले २० रन बनाएका थिए । यस्तै सूर्य तामाङले १७ रन बनाए। बलिङतर्फ नेपाल पुलिसका ललित नारायण राजवंशीले सर्वाधिक ४ विकेट लिएका थिए। कुशल भुर्तेलले ३ र करण केसीले २ विकेट लिएका थिए ।

# बागमती विश्वविद्यालयको डीनमा डा. विश्वकर्मा



*विश्वविद्यालयको बोर्ड अफ ट्रष्टीका अध्यक्ष प्रा.डा. चन्द्रमणि पौडेल डा. विश्वकर्मालाई डीन नियुक्तिको पत्र प्रदान गर्नुहुँदै ।*

**समाज संवाददाता**

हेटौंडा : बागमती प्रदेश विश्वविद्यालयको कानून तथा व्यवस्थापन संकायको डीनमा डा. गंगाराम विश्वकर्मा नियुक्त हुनुभएको छ । बुधबार डीन सिफारिस समितिको सिफारिसमा विश्वविद्यालयको बोर्ड अफ ट्रष्टीका अध्यक्ष प्रा.डा. चन्द्रमणि पौडेलले डा. विश्वकर्मालाई कानून तथा व्यवस्थापन संकायको डीन नियुक्त गर्नुभएको हो ।

उहाँलाई तत्काल लागू हुने गरी कानून तथा व्यवस्थापन संकायको डीनमा नियुक्त गरेको विश्वविद्यालयका उपाध्यक्ष डा. कुसुमराज सुवेदीले जानकारी दिनुभयो। उहाँका अनुसार कानून तथा व्यवस्थापन संकायको शैक्षिक कार्यक्रम, अनुसन्धान पहल र प्रशासनिक कार्यहरुको निरीक्षण गर्ने गरी विश्वकर्मालाई जिम्मेवारी दिइएको छ । शिक्षाको गुणस्तर बढाउने, नवप्रवर्तन, अनुसन्धानलाई बढावा दिने र संकाय भित्र सामुदायिक संलग्नतालाई सुदृढ गर्ने उहाँको भूमिका रहेको छ ।

विश्वविद्यालयले गत फागुन ११ मा डीन नियुक्तिका लागि सार्वजनिक सूचना आह्वान गरिएको थियो । प्रदेश उच्च शिक्षा ऐन, २०७८ तथा नियमावली, २०७९ संशोधनसहित प्रदेश विश्वविद्यालयको विधान, २०८१ र बागमती प्रदेश विश्वविद्यालयको डीन सिफारिस सम्बन्धी मापदण्ड, २०८१ अनुसार आवेदन माग गरिएको थियो । सो सूचनाको आधारमा पेश भएका निवेदनबाट ५ जनाको नाम समावेश गरी संक्षिप्त सूचि तयार गरिएको थियो ।

विश्वविद्यालयले धरमपुर-५, झापाका डा. विश्वकर्मासहित भक्तपुर-९, भक्तपुरका डा. डिबंगर खोटेजा, दोरम्बा-३, रामेछापका डा. दीपक महत, भरतपुर-४, चितवनका डा. सुदीप वाग्ले र रुपाकोट-३, तनहूँका डा. शिवराज अधिकारीको नाम संक्षिप्त सूचितमा समावेश गरेर प्रस्तुतीकरण तथा अन्तरवार्ताका लागि चैत ५ गते बोलाएको थियो । अन्तरवार्ता र प्रस्तुतीकरणको आधारमा डा. विश्वकर्मालाई डीनमा नियुक्त गरिएको डा. सुवेदीले बताउनुभयो।

हार्दिक बधाई एवम् शुभकामना

परीक्षाको तयारीका क्रममा पेन्टागन एकेडेमीमा सहभागी भई शिक्षक सेवा आयोगले लिएको प्राथमिक तह स्थायी शिक्षक नियुक्ति परीक्षामा सफल हुनुभएका सम्पूर्ण शिक्षकहरुमा हार्दिक बधाई ज्ञापन गर्दै शिक्षण पेशामा निरन्तर सफलताको शुभकामना व्यक्त गर्दछौं । साथै मिति २०८१ साल चैत ९ गते बिहान ११ बजे रोयल पार्टी प्यालेसमा बधाई ज्ञापन तथा सम्मान कार्यक्रममा सहभागी भइदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।



पेन्टागन एकेडेमी
हेटौंडा-४, स्कुलरोड
०५७-५२२१९८, ९८५५०३०५४०, ९८०१२२२१९८

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ